# कपुरकोट गाउँपालिकाको गाउँसभाको सत्रौं अधिवेशनमा कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा वहादुर पुनले प्रस्तुत गर्नु भएको आ.व. २०८२/०८३ को

# नीति तथा कार्यक्रम

## कपुरकोट गाउँपालिका

### सल्यान जिल्ला

### कर्णाली प्रदेश

### २०८२/०२/२५

सम्मानित गाउँसभा उपस्थित,
गाउँसभाका सम्पूर्ण सदस्यहरु,
सभाका सचिव तथा सबै कर्मचारीहरु,

सामाजिक सञ्जालको प्रतक्ष्य प्रशारणवाट जोडिनु भएका विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, समाजसेवी तथा वुद्विजीविहरु, पत्रकार, सुरक्षाकर्मी, सम्पूर्ण कर्मचारीहरु, स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण कपुरकोटवासि आमा बुवा, दाजु भाई तथा दिदि बहिनि हरु,

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम गाउँ कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम कपुरकोट गाउँपालिकाको यस सम्मानित गाउँसभाको १७ औं अधिवेशनमा पेश गर्न पाउँदा गौरवको महसुस गरेको छु । यस गौरवपूर्ण अवसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण एवंम् शहिदहरु तथा बेपत्ता, घाइते र पीडित नागरिकहरुलाई उच्च सम्मानभाव व्यक्त गर्दै सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्तम शासन व्यवस्था सहितको अग्रगामी परिवर्तन ल्याउन भौतिक अभौतिक रुपमा योगदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, लेखक, विद्यार्थी, शिक्षक, कर्मचारी, कुटनीतिक नियोग, गैर सरकारी संघ संस्था र अन्तर्राष्ट्रिय समुदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै हृदयको गहिराईबाट नमनका साथै कृतज्ञता व्यक्त गर्न चाहन्छु।

संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनर्संरचना पश्चात संविधानतः गठित स्थानीय सरकारको दोस्रो कार्यकालको पहिलो तीन वर्ष समेत व्यतित भई सकेको छ। यस अवधिमा नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची भित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनूरूप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षालाई पूरा गर्न कपुरकोट गाउँपालिकाले आफ्नो राजनीतिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेकै छ।

आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाई संवोधन गर्दै जनताको बृहत्तर हित र लोककल्याणकारी व्यवस्था मार्फत शासकीय सन्तुष्टि प्रदान गर्नु, जनताका साना देखी ठुला समस्याहरुको प्रत्यक्ष हल गर्न खोज्नु, स्थानीय नेतृत्वको विकास गर्दै सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुर्याउनु, स्थानीय रुपमा उपलव्ध स्रोत साधनको अधिकाधिक परिचालन गर्दै रोजगारी सिर्जना गर्ने र आम नागरिकको जिविकोपार्जनमा अपेक्षित सुधार ल्याउने गरी स्थानीय सरकारले काम गर्नु पर्ने हाम्रो शासकीय जिम्मेवारी रहेको छ। उक्त शासकीय जिम्मेवारीलाई मिहिन ढङ्गले बुझेको निर्वाचित जनप्रतिनिधिको टीमले सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेश सरकारसंगको समन्वय, सहयोग, साथै विकासका अन्य साँझेदारहरुसंगको साँझेदारी र सहकार्यमा उपलव्ध प्रशासनिक संयन्त्रलाइ कुशलता पूर्वक परिचालन गर्दै जनहितलाई केन्द्रविन्दुमा राखेर काम गरिरहेको र भइरहेको व्यहोरा यस सम्मानित सभा मार्फत आम कपुरकोट वासि नागरिक लाई अवगत गराउन चाहान्छु।यस बीचमा आर्थिक सामाजिक विकासको क्षेत्रमा जनताले महसुस गर्न सक्ने गरी विकासका प्रयासहरु नभएका होइनन्। स्थानीय सरकारले सांगठनिक सक्षमता हाँसिल गरि नसकेको, कानूनी तथा सस्थागत संयन्त्रको कमि, वित्तीय श्रोतको न्यून उपलव्धता, महत्वकांक्षी सोच लगायतका विद्धमान अवस्थाका कारण जनअपेक्षा अनुकूल कामहरु हुन नसकेको वास्तविकतालाई हामिले स्वीकार्नै पर्छ। वर्तमान सन्दर्भमा स्थानीय तहको संस्थागत सवलीकरण तथा सुदृढीकरणमा सकारात्मकता देखिएको, स्रोत परिचालनमा सक्षमता हाँसिल भएको, आवश्यक कानूनहरुको वन्दोवस्त हुँदै गएको, अनुभवी र व्यावसायिक कर्मचारी संयन्त्र, कुशल नेतृत्व र असल सोच सहितको प्रतिवद्ध र उर्जाशील जनप्रतिनिधिको समूह, नागरिकमा आएको चेतना अभिवृद्धि नागरिकमा आएको परिवर्तन साथै दुर्ततर सूचना प्रविधिको विकास र यसको प्रयोगले गर्दा अवका दिनहरुमा सिमित स्रोतको उच्चतम् परिचालन मार्फत जनताको ईच्छा, चाहना र आधारभूत आवश्यकताहरुलाई पूरा गर्न कपुरकोट गाउँपालिका प्रतिवद्ध रहेको व्यहोरा समेत यस सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु।

स्थानीय तहलाई संविधानतः राजनीतिक, आर्थिक र प्रशासनीक अधिकार निक्षेपण गरिएको अवस्थामा निर्वाचन पश्चात गठित राजनीतिक संरचनाले प्राप्त राजनीतिक अधिकारको निर्वाध प्रयोग र अभ्यास गरिरहेको भएतापनि वित्तीय संघीयता र प्रशासनीक संघियताको पाटो भने पेचिलो वन्दै गएको छ। स्थानीय तहहरु आर्थिक रुपमा आत्म निर्भर नहुनु, राजस्वको अधिकार र खर्च जिम्मेवारीमा रहेको ठुलो अन्तर (Fiscal Gap) पूरा गर्न प्राप्त हुने अन्तरसरकारी वित्तीय सहायताको सुनिश्चतता नहुनु र प्रतिवद्धता अनुरुपको रकम प्राप्त नहुनु, कर्मचारी समायोजन भई स्थानीय सेवा सम्वन्धी ऐन निर्माण भएतापनि जनप्रशासनको मूल

नीती र मार्गदर्शकको रुपमा रहेको संघीय निजामती सेवा ऐन हालसम्म जारी हुन नसक्दा वित्तीय संघीयता र प्रशासनिक संघीयताका कतिपय विषयहरु अझैपनी अनिश्चितताको गर्भमै रहेका छन्। जसले गर्दा सार्वजनिक खर्च व्यवस्थापनका साथै कर्मचारी व्यवस्थापन र वृत्ती विकासका विषयहरुमा स्पष्टता हुन सकेको देखिँदैन फलस्वरुप संगठनको अपेक्षित उत्पादकत्व हाँसिल हुन सकेको छैन।

**सभा सदस्यज्यूहरु,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न विषयगत ऐन नियमहरु, नेपालको पन्ध्रौ योजना, दिगो विकासको लक्ष्यहरु, कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय आवधिक योजना, संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न समयमा जारी भएका नीति, मार्गदर्शन तथा सुझाव, स्थानीय तहको योजना तर्जुमा दीघदर्शन, २०७८, कपुरकोट गाउँपालिकाको पहिलो पञ्चवर्षिय आवधिक योजना, यस गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहिताको परिधिभित्र रही राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णय, गाउँ कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय, आम नागरिक, बुद्धिजिवि र सरोकारवालाहरुबाट प्राप्त सुझाव, जनताका आवश्यकता, हाम्रो राजनीतिक प्रतिवद्धता समेतलाई ध्यानमा दिइ योजनावद्ध विकासको अवधारणा अनुसार आगामी आ.व. २०८२/०८३ का साथै दीर्घकालिन लक्ष्य सहितको कपुरकोट गाउँपालिकाको सोच तथा नीति पत्रको रुपमा यो नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

**सभा सदस्यज्यूहरु,**

**अव म हालसम्मका महत्वपूर्ण र उल्लेखनीय कार्यक्रमहरुको समीक्षा प्रस्तुत गर्ने अनुमती चाहान्छु।**

१. राज्यको अनिवार्य दायित्व र नागरिकको संवैधानिक अधिकारको रुपमा रहेको सामाजिक संरक्षण र सुरक्षाको कार्यक्रमलाई(social security and social protection program) प्रभावकारी वनाउदै मुद्राको सहि मूल्य(value for money) कायम हुने गरी संरक्षित वर्गले सामाजिक सुरक्षा वापतको रकम बुझ्न खर्चिनु पर्ने समय, रकम र वेहोर्नु पर्ने झण्झट निवारण गर्ने हाम्रो सुरु प्रतिवद्धता अनुरुप सेवा प्रदायक वैक संगको सहकार्यमा वडा स्तरवाटै सामाजिक सुरक्षा वापतको भत्ता वितरण गर्न सफल भएका छौ।यो कार्यलाई अझै सरल, भरपर्दो र दिगो वनाउदै लगिनेछ।

२. एकीकृत कृषि विकास कार्यक्रमलाई प्रणालीको रुपमा स्थापित गरिएको छ। वस्तिवस्तिमा कृषि टहरा, संकलन केन्द्र, कृषि एम्वुलेन्स, एकीकृत हाटवजार, माटो परीक्षणको सुविधा सहितको कृषि मिनिल्यावको स्थापना र चिस्यान केन्द्रको प्रवन्ध मार्फत कृषि क्षेत्रको एकीकृत विकासमा थोरै भएपनि टेवा पुगेको छ।
३. कृषि क्षेत्रको व्यावसायीकरण, विविधिकरण, उद्यमीकरण र औद्योगीकरण गर्ने सन्दर्भमा उत्साहजनक उपलव्धी हाँसिल भएका छन्। कृषि क्षेत्रवाट नागरिकहरुको आयस्तरमा वृद्धि भई निरीपेक्ष गरिवी (Absolute poverty) घटेको छ। नागरिकहरुको क्रयक्षमता(purchasing parity) मा समेत वृद्धि भएको छ।
४. पशु प्रजननको क्षेत्रमा कृत्रिम गर्भाधारण प्रविधिलाई निकै नै प्रभावकारी ढङ्गवाट कार्यान्वय गरिएको छ। यसवाट पशु चौपायाहरुको नश्ल सुधार भई पशुपालन व्यावसायको उत्पदान र उत्पादकत्वमा अभिवृद्धि भएको पाईन्छ। कृतिम गर्भाधारण प्रविधिको सफलताको दर (success rate ) अन्य पालिका/जिल्लाको तुलनामा यस गाउँपालिकामा उच्च रहेको वेहोरा समेत सगौरव प्रस्तुत गर्न चाहान्छु।
५. उज्यालो कपुरकोट अभियानमा अन्तर्गत नेपाल विद्युत प्राधिकरण र कपुरकोट गाउँपालिका समेतको संयुक्त प्रयासवाट आगामी आ.व. को अन्तिम सम्ममा सामान्यतः सवै वस्तिमा विद्युतीकरण हुने निश्चित प्राय भएको छ। ठेक्का भई निर्माणाधीन अवस्थामा रहेको नेपाल विद्युत प्राधिकरण अन्तर्गतका विद्युतीकरणका कार्य समयमै सम्पन्न हुने गरी सरकारी स्तरमा विशेष पैरवी गरिएको छ।
६. खानेपानीको व्याप्त समस्याको समाधानलागी विशेष पहल भएको छ। दिगो विकासको लक्ष्य अनुरुप नै सवै घरपारिवालाई स्वच्छ खानेपानीको उपलव्धता गराउन "**एक घर एक धाराको**" कार्यक्रम लागु गरिएको छ। स साना मुहानहरुको संरक्षण गर्ने देखी वृहत लिफ्ट खानेपानी योजना सञ्चालनवाट आधारभूतरुपमा खानेपानीको सुविधा पुर्याइएको छ। खानेपानी समस्याको दिगो समाधानको लागि संघीय र प्रदेश सरकारसंगको साँझेदारीमा समपूरक योजना र विशेष योजनाहरु कार्यान्वयमा ल्याइएको छ।
७. सवै वस्तिहरुमा ग्रामिण कृषि सडकको निर्माण र विस्तार गरी प्राय सवै वस्तिहरुमा सडक पूर्वाधारको पहुँच विस्तार गरिएको छ। गाउँपालिका केन्द्र र वडाको प्रशासनिक केन्द्र जोड्ने सवै पहुँच मार्गलाई क्रमशः स्तरोन्ती गरिएदै लगिएको छ।
८. सामुदायिक विद्यालयमा रहेका कमजोर भौतिक पूर्वाधारहरु विस्थापित गरिएको छ। अधिकांश सामुदायिक विद्यालयहरुमा वलियो भवन संरचना निर्माण गर्ने, ICT Lab स्थापना गर्ने, लाइव्रेरी, इन्टरनेटको सुविधा विस्तार गर्ने कार्यहरु भएका छन्।

९. शैक्षिक गुणस्तर अभिवृद्धि र विद्यार्थिकमा पठन संस्कृतिको विकासको लागि गेस्ट लेक्चर कार्यक्रम सञ्चालन गरिएको छ। जसवाट विद्यार्थीहरुमा सकारात्मक उर्जाको सञ्चार भएको महसुस भएको छ।

१०. सवै नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवाको सुविधा पुर्याइएको छ। होम डेलिभरीलाई शुन्य गराई सत प्रतिशत संस्थागत प्रशुती सेवा उपलव्ध गराउन सफल भइएको छ।पूर्ण खोप सुनिश्चितता र सोको दिगोपना समेत कायम भएको छ।स्वास्थ्य क्षेत्रको सूचकहरुको मूल्यांकनका आधारमा कपुरकोट गाउँपालिका जिल्लामै प्रथम भएको वेहोरा समेत निवेदन गर्न चाहान्छु।

११. धनवाङ स्वास्थ्य चौकीलाई कपुरकोट आधारभूत अस्पतालको रुपमा विकास गरी मेडिकल अधिकृत सहितको स्वास्थ्य टिमवाट २४ सै घण्टा सेवा प्रवाह गरिएको छ। १५ सैयाको आधारभूत अस्पतालको भवन निर्माण सम्पन्न हुने अवस्थामा रहेको छ।यो सल्यान जिल्लामै निर्माण सम्पन्न हुने पहिलो आधारभूत अस्पताल हुनेछ।

१२. कपुरकोट जागरण अभियान सञ्चालन भएको छ।जसवाट विविधायूक्त समाजलाई एकतावद्ध हुँदै गाउँपालिकाको समग्र विकासका लागी विभिन्न खालका जागरणका गतिविधीहरूले सवैलाई एकाकार भएर लाग्न मद्दत पुगेको देखिन्छ।

१३. गाउँपालिका र मातहतका इकाइवाट प्रवाह हुने सार्वजनिक सेवालाई सरल, भरपर्दो, गुणस्तरीय र विश्वसनीय तुल्याइएको छ।सार्वजनिक खर्चको पारदर्शी, मितव्ययी, कुशल र दक्षतापूर्ण तवरले परिचालन गरी सुशासन र सदाचारीता कायम गर्न सफल भइएको छ।LISA, FRA, प्राकृतिक स्रोत तथा वित्त आयोगको मूल्यांकनहरुमा कपुरकोट गाउँपालिका मूलुकभर नै अव्वल सावित भएको प्रमाणले समेत उल्लिखित वेहोरा पुष्टि हुन आउछ।

१४. हालसम्म गाउँपालिकावाट प्रवाहहुने सेवा सुविधालाई सरल, मितव्ययी र प्रभावकारी वनाउने, कर्मचारीहरुमा उत्प्रेरणा सहितको व्यावसायिकता हाँसिल गराउन कार्यविवरण सहितको कार्य सम्पादन करार गर्ने कार्य व्यवस्थित र औचपारिक रुपमा सम्पन्न भएको छ। जस अन्तर्गत प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षसंग, विषयगत विभाग र शाखा प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृत संग र अन्य सहायक कर्मचारीहरुले शाखा प्रमुख हरुसंग कार्यसम्पादन करार संझौता गर्ने कार्य गरिएको छ। सवै कर्मचारीहरुले आफ्नो शाखावाट सम्पादन गर्नु पर्ने वार्षिक कार्यहरुको समयसीमा सहितको कार्ययोजना वनाइ काम गरेकोले धेरै योजना तथा कार्यक्रमहरु लक्षित लागत, समय, परिमाण र गुणस्तरमा सम्पन्न भएका छन्। यसवाट विकास एवं प्रशासनिक कार्यमा सकारात्मक नतिजा देखिएको छ।

१५. वि.सं. २०८३ फाल्गुन मसान्त भित्र कपुरकोट गाउँपालिकालाई बालमैत्री स्थानीय शासन (CFLG) युक्त स्थानिय तह घोषणा गर्ने लक्ष्य अनुरुप कार्यशर्त अनुसार वालविवाह न्युनिकरण, बालश्रम निवारण, वालवालिका सम्वन्धी खण्डिकृत तथ्यांक संकलन गर्ने सम्वन्धी कार्यक्रमहरु सञ्चालन भएका छन्।

१६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको (GESI) क्षेत्रमा अधिक कार्यहरु भएका छन्। महिला तथा किशोरीहरूको सीप विकास तथा स्वरोजगारका लागि विभिन्न सीपमूलक व्यवसायिक तालिमहरु प्रदान गरिएको छ। जस अन्तर्गत वुटिक तथा क्रिस्टल निर्माण सम्वन्धी तालिम, सिलाई कटाई सम्वन्धी यड्भान्स तालिम, अचार वनाउने तालिम, घरेलु औजार निर्माण सम्वन्धी तालिमहरु प्रदान गरिएको छ। सवै प्रकारका  सामाजिक संगठन, समूह र समितिमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व प्रणालीलाई अवलम्वन गरिएको छ।

१७. न्यायिक समितिको गतिविधिमा उल्लेखनीय सुधार गरिएको छ। गाउँपालिका भित्रका २८ जनालाई मेलमिलापकर्ताहरु तालिमको व्यवस्था गरी मेलमिलाप कर्ताको सूचिकरण गर्ने कार्य सम्पन्न भएको छ भने सवै वडाहरुमा मेलमिलाप केन्द्र गठन गरिएको छ । न्यायिक समितिवाट हुने न्याय निरुपणको कार्यलाई व्यवस्थित वनाउन आवश्यक कानूनी कितावहरुको संग्रह गर्ने, उजुरी दर्ता प्रक्रियालाई व्यवस्थित गर्न विभिन्न टेम्पलेट हरुको छपाइ गरिएको र न्यायिक समितिको अभिलेखलाई आधुनिक तवरले अभिलेखीकरण गर्ने कार्य भएको छ।

१८. योजना अनुगमन तथा फरफारक गर्ने कार्यलाई औपचारिकतामा सिमित नगरी प्रभावकारी वनाइएको छ। योजनाहरुको कार्यान्वयको क्रममा ३ तहको अनुगमन र सुपरीवेक्षण गर्ने पद्धितको विकास गरिएको छ। निर्मित सार्वजनिक संरचनाहरुको गुणस्तरीयता र दिगोपनाको पक्षलाई जोड दिइएको छ।

१९. जनताको सहजताको लागि विभिन्न ४ स्थानमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। जनस्वास्थ्य निग्रानी गर्न स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। सवै वडामा गर्भवति महिलाहरुको गर्भजाँच गर्न अल्ट्रासाउण्ड गर्ने कार्य  समेत सम्पन्न भएको छ।

२०. एक घर एक करेसा वारीको नीति अनुसार सिजन अनुसारको तरकारीको विउ विजन वितरण गर्ने कार्य सम्पन्न भएको छ। कृषि उत्पादनमा उत्कृष्टता हाँसिल गर्ने कृषकहरुलाई पुरस्कित गर्ने कार्य गरिएको छ।

२१. रोजगारीको क्षेत्रमा हर्ष वर्धक कदमहरु चालिएका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० दिनको न्युनतम रोजागारी प्रदान गर्ने कार्य सम्पन्न भएको छ। प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रममा गाउँपालिकाको लागत साँझेदारी गरी दिगो प्रभाव रहेको

ठुला आयोजनाहरुको निर्माण गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा प्रदेशमै उत्कृष्ट पालिकावाट सम्मानीत हुनुका साथै अरूकालागी समेत अनुकरणीय कार्यक्रमको रुपमा स्थापित भएको छ।

२२. सहभागितामूलक विकास प्रणाली अनुरुप समुदायको विकासमा लाभग्राही वा उपभोक्ता समितिलाई परिचालन गर्ने दायरा बढाइएको छ। धेरै भन्दा धेरै योजनाहरु लाभग्राही समुदायवाट सम्पन्न भएका छन्। जसवाट मौसमी रोजगारीको सिर्जना भएको छ, पूँजिको स्थानीय स्तरमै परिचालन हुँदा आम नागरिकको जिविकोपार्जनमा सुधार भएको साथै विकासको दिगोपना र नागरिकको अपनत्वमा समेत सकारात्मकता देखिएको छ।

२३. गाउँपालिकाको संस्थागत सुदृढीकरणको सवालमा समेत उल्लेखनीय कार्यहरु भएका छ। नियमित सार्वजनिक सुनुवाई गर्ने, स्वतः प्रकासनलाई नियमित गर्ने, सूचना अधिकारीवाट सूचना उपलव्ध गराउने जस्ता कार्य भएवाट पारदर्शी प्रणाली अवलम्वन गरिएको छ। योजना तथा लेखा प्रणाली व्यवस्थापनमा SuTRA, CGAS, जस्ता विद्युतीय प्रणालिको पूर्ण प्रयोग गरिएको छ। विद्यूतीय हाँजिरीको पूर्णरुपमा कार्यान्वयन गरिएको छ।

**सभा सदस्यज्यूहरु**

**अब म यस गरिमामय गाउँ सभा समक्ष गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

- ❖ नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समाबेशी प्रतिनिधित्व, समतामूलक समाज, तीन खम्बे आर्थिक नीति, समाजवाद उन्मुख अर्थतन्त्र, सबै प्रकारका भेदभाव उन्मुलन, नागरिक स्वतन्त्रता लगायतका मौलिक हकहरुको कार्यान्वयन एवम् कानूनी राज्यको मूल्य र मान्यतालाई स्थापित गर्ने नीति अख्तियार गरिने छ ।
- ❖ नीति र योजनामा आधारित वजेट प्रणालीको विकास गर्न आवधिक योजनाले परिलक्षित गरे अनुरुप प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम छनौट गरी बजेट विनियोजन गरिने छ। बजेट तर्जुमालाई मध्यकालीन खर्च संरचना(MTEF) संग आवद्ध गर्दै लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई मुख्य शर्तको रुपमा अनुशरण गरिनेछ। आयोजना बैंक बनाइ कार्यान्वयनमा ल्याइ घोषित नीति तथा कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। गाँउपालिकाको विकास र समृद्धिका लागि अल्पकालिन, मध्यकालीन र दीर्घकालिन नीतिको रुपमा देहायका क्षेत्रगत नितिहरुको अख्तियारी गरिनेछ।

**आर्थिक विकास तर्फः**

**१. कृषि सेवा**

दिगो आर्थिक विकासको मुख्य संवाहकको रुपमा रहेको कृषि क्षेत्रको व्यावसायीकरण, विविधिकरण, उद्यमिकरण र यान्त्रीकरण गर्दै स्थानीय अर्थतन्त्रलाई मजवुत र आत्मनिर्भर बनाउने तथा गाउँपालिकाका नागरिकको जिवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने दिर्घकालीन लक्ष्य सहित संगठित प्रयास गरिनेछ। सोको लागि

- ❖ कृषि क्षेत्र र सो सम्वन्धी उत्पादन तथा वातावरणीय लाभको सम्भावनाको पहिचान गर्न समग्र वस्तुस्थिति खुल्ने गरी **विद्युतीय भौगर्विक नक्साकंनको**(integrated land profile) कार्य आउदो वर्ष नै सुरुवात गरिनेछ।
- ❖ **स्वच्छ पर्यावरणः स्वास्थ्य जिवन** भन्ने नारा सहित एक घर एक प्राङ्गारिक करेसावारिको कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सिचाइ सुविधाको प्रवन्ध सहित उन्नत र गुणस्तरीय तरकारीको **विउ वितरण गर्ने कार्यलाई** वृहत गराइनेछ।
- ❖ किसानहरुमा कृषि सम्वन्धी प्राविधिक तथा व्यवहारिक सीपको विकास गर्दै **घरघरमा कृषि प्राविधिक उत्पादन** गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न प्रत्येक टोल विकासमा **कृषि ज्ञान सञ्चार कार्यक्रम** लागु गरिनेछ।
- ❖ प्रत्येक वडामा विशिष्ठिकृत नमूना पकेट क्षेत्र विकास गर्न **सामूहिक करार कृषि पद्धिति** मार्फत सवै वडाहरूलाइ  विभिन्न पकेट क्षेत्रको रूपमा विकास गर्ने गरी आवश्यक बजेट योजना तथा कार्यक्रम ल्याइनेछ।
- ❖ कृषिमा जोखिम न्यूनीकरणका लागि निश्चित पूँजी सम्मको व्यावसायिक कृषि गर्नेको हकमा **कृषि विमा कार्यक्रम** योजना र न्यूनतम् समर्थन मूल्य कोषको समुचित प्रयोग गरिनेछ।
- ❖ प्राकृतिक विपद् र रोग किराको महामारीवाट भएको क्षेतिको हकमा **विउविजन र मलखादमा प्रयोग भएको प्रतक्ष्य लागत**(Direct cost) सम्मको क्षेतिपूर्ती वेहोर्ने गरी कृषक कल्याण कोषको व्यवस्था आगामी आ.व.वाटै सुरु गरिनेछ।
- ❖ कृषिमा प्रदान गरिने अनुदान कार्यलाई परिणाम र प्रभावको आधारमा मूल्यांकन गरी वास्तविक लक्षित वर्गमैत्री वनाउदै लगिनेछ। अनुदानको सहि सदुपयोगको सुनिश्चितता हुने क्षेत्रमा अनुदान प्रदान गरिनेछ। सहकारी र सामूहिक कृषि पद्धतिलाई प्रवर्धन गर्न सहकारी र समूह लक्षित वित्तीय उत्प्रेरणा प्रदान गर्ने कार्यक्रम लागु गरिनेछ।
- ❖ कृषकको तथ्याङ्कीय आधारमा मापनयोग्य परिभाषीकरण गरी कृषकको परिचयपत्र वितरण गर्ने र परिचयपत्र प्राप्त गर्ने कृषकलाई मात्र वित्तीय उत्प्रेरणा र अन्य प्रोत्साहनमा सहभागी गराइने छ।

- ❖ कृषकलाई नियमित तालिम प्रदान गर्ने व्यवस्थाका लागि **स्थानीय स्तरमा कृषि पाठशाला** संयन्त्र विकास गरिनेछ।
- ❖ उत्कृष्ट उद्यमी कृषकलाई सम्मानित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ रैथाने प्रजाती र बालीको प्रबर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
- ❖ संभाव्यताको आधारमा गैसस वा अन्य निकायसंगको सहकार्यमा जडिवुटीको अभिलेखाङ्कन, भण्डारण र प्रमाणीकरणको व्यवस्था गरिनेछ।

## २. पशु सेवा

व्यावसायिक पशुपालन मार्फत किसानको आयस्तरमा वृद्धि ल्याउनुका साथै पोषणस्तरमा सुधार ल्याउन पशु पालन व्यावसायलाई प्राथमिकता दिइनेछ। सोका लागि

- ❖ कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गरिने छ,
- ❖ पशुको स्वास्थ्य उपचारको लागि विभिन्न खोप सेवालाई अभियानको रुपमा सञ्चालन गरिनेछ।
- ❖ वाख्रा पालन व्यावसायी लक्षित खोर सुधार कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ पशु आहारा तथा स्वास्थ्य सुधारका लागी प्रोबायोटिक तथा घाँसको विउ विरुवा वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ दुध, अण्डा र मासु उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम लागु गरिनेछ।
- ❖ निश्चित पूँजी सम्मको व्यावसायिक पशुपालन गरेका किसान लक्षित **पशु विमा कार्यक्रमलाई** प्रभावकारी बनाइ जोखिम न्यूनीकरण गरिनेछ।
- ❖ पशु चौपायमा देखिने महामारीजन्य रोग नियन्त्रणका लागि आवश्यक सतर्कता सहित पूर्वतयारी गरिनेछ। नियमित रुपमा पशु सिविर सञ्चालन गरी गाउँघरमा पशुमा देखिने रोग नियन्त्रण गरिनेछ।

## ३. उद्योग, सहकारी र पर्यटन।

छरिएर रहेको सुक्ष्म पूजीलाई एकीकृत गरी उद्यमशीलता, स्वोरोजगार र सामाजिक परिचालन गर्ने विषयमा सहकारी क्षेत्रको उल्लेखनीय योगदान रहेकोले सहकारी क्षेत्रको सवलीकरण, सुदृढीकरण र नियमन गर्ने कार्यलाई प्रभावकारी वनाइने छ।

- ❖ कम्तिमा ५ जनाभन्दा बढीलाई रोजगारी उपलव्ध गराउने गरी व्यवसाय सञ्चालन गर्ने फर्म वा सहकारी वा त्यसरी व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने सहकारी संस्था एवम् व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई विशेष सहुलियत उपलव्ध गराईनेछ।

- ❖ वित्तीय साक्षरता र ज्ञान वृद्धिका लागि वित्तीय संस्था तथा सहकारीहरुलाई आधारभूत तथा विशेष तालिम कार्यक्रम प्रत्येक वर्ष प्रदान गरिनेछ।
- ❖ वित्तीय सामाजिक उत्तरदायित्व उत्कृष्टरुपमा निर्वाह गर्ने सहकारीलाई छनौट गरी पुरस्कृत गरिनेछ।
- ❖ सहकारीहरुको नियमनको लागि छुट्टै शाखा र सम्पर्क व्यक्ति तोकी सहकारी नियमन कार्य आरम्भको सुरुवात हुनेछ।
- ❖ कृषि क्षेत्रलाई उद्योगको रुपमा विकास गरिनेछ।
- ❖ स्टार्टअप उद्यमीको लागि व्यावसाय दर्ता निशुल्क र करमा छुट दिइनेछ।
- ❖ सामुदायिक वन उपभोक्ता समूह संगको साँझेदारीमा वनपैदावार काष्ट उद्योग स्थापनाको लागि पहल गरिनेछ।
- ❖ वडा नं. २ को रुम्टिलेख, वडा नं. ३ को दक्षिण भगवती कालिका मन्दिर, वडा नं. ४ को घंघारीचौर लेख, वडा नं. ५ को खजुरे वाटिका र वडा नं. ६ को सातामूल वराह क्षेत्रलाई कपुरकोट गाउँपालिकाको प्रमुख गन्तव्यको रुपमा निर्दिष्ट गरी संघ र प्रदेश सरकारसंगको साँझेदारीमा आवश्यक पर्यटन पूर्वाधारको निर्माणलाई दुर्तता प्रदान गरिनेछ।
- ❖ कपुरकोटको सर्वाधिक अनुकूलन पर्यावरणलाई ध्यानमा राख्दै पर्या पर्यटन प्रवर्द्धनार्थ तुलसीपुर र घोराही वजार क्षेत्र सम्मको वजारीकरणको संभावना र राप्ती लोकमार्गले सिर्जना गरेको अवसरलाई ध्यानमा राखी होमस्टे सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माणको लागि सार्वजनिक निजी साँझेदारी नीति अवलम्वन गरिनेछ।

## सामाजिक विकासको क्षेत्रतर्फ

### १. स्वास्थ्य

जनताको आधारभूत स्वास्थ्य सेवाको अधिकार र सो सम्वन्धी सुविधामा पहूच पुर्याउन देहायको नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ।

- ❖ हाल नसर्ने रोगको वढ्दो प्रकोपलाई मध्येनजर गर्दै प्रत्येक स्वास्थ्य संस्थाहरुवाट तथा घुम्ति सिविर मार्फत नसर्ने रोगहरुको प्रयोगशाला पहिचानको व्यवस्था मिलाईनेछ।
- ❖ स्वास्थ्य विमा कार्यक्रमलाइ थप प्रभावकारी वनाउँदै सबै नागरिकलाइ स्वास्थ्य विमाको दायरा भित्र ल्याउन अभियानका साथ विशेष कार्यक्रम संचालन गरिने छ ।
- ❖ सवै वर्थिङ सेन्टरहरुको पूर्वाधार र गुणस्तरमा सुधार ल्याइने छ। मुलरुपमा प्रसुती कक्षको तापमान व्यवस्थापन गर्न आवश्यक उपकरणको जडान गरिनेछ।

- सवै सामुदायिक विद्यालयमा मासिक रुपमा सवै वालवालिकाको स्वास्थ्य परीक्षण गरी जनस्वास्थ्य निग्रानी (public health surveillance) गर्न उपलव्ध स्वास्थ्य सहायक कर्मचारी परिचालन गरिनेछ।
- १५ सैयाको आधारभूत अस्पतालत सञ्चालन गर्न न्यूनतम आवश्यक सामग्री व्यवस्थापनका लागि आवश्यक वजेट विनियोजन गरिनेछ। उक्त अस्पताललाई गाउँपालिकाकै गौरवको योजनाको रुपमा सञ्चालन गरिनेछ।
- आधुनिक जिवन शैली संगै मानिसमा देखा पर्ने मोटोपना, मनोसामाजिक समस्या लगायतका नसर्ने रोगको योग र ध्यानको माध्यमवाट प्रभावकारी रुपमा रोकथाम र न्यूनीकरण गर्न संभव भएकोले आउदो वर्ष देखिनै योग तथा ध्यान अभ्यास सम्वन्धी शिविर विशेष महत्वका साथ सञ्चालन गरिनेछ।
- विपन्न आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा बालबालिकाहरुलाई पोषणयुक्त खानाको पहुँच बढाइनेछ।
- आयुर्वेद उपचार पद्धतिको प्रभावकारीता अभिवृद्धि गर्न रीम आयुर्वेदिक औषधालयको क्षमतालाई थप विस्तार गरिनेछ।कपुरकोट वजार र वडा नं. १-४ सम्मका नागरिकलाई केन्द्रित गरी कपुरकोट वजारमा आयुर्वेद औषधालय सम्वन्धी क्लिनिक स्थापना गर्ने सम्वन्धमा संगठन संरचनाको अध्ययन गरिने छ।
- बस्तिस्तरमा विभिन्न स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तर र विस्तार गरिनेछ।
- संस्थागत सुत्केरीलाई प्रवर्द्धन गर्दै शुन्य होम डेलिभरी कायम गर्न र सुत्केरीलाई सुत्केरी भएको २४ घण्टासम्म स्वास्थ्य चौकिमै स्वास्थ्यकर्मीको सुपरीवेक्षणमा रहने व्यवस्थालाई अनिवार्य गरिनेछ। सो वापत सुत्केरीलाई पोषिलो खाना र एक जना कुरुवाको लागि समेत खाना खानाको वन्दोवस्त गर्ने गरी आवश्यक वजेट व्यवस्थापन गरिनेछ।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई प्रात्साहन गर्ने कार्यक्रम ल्याइनेछ।सोको लागि आवश्यक वित्तीय उत्प्रेरणका साथै अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।
- पूर्ण खोप सुनिश्चितता र दिगोपनाको लागि निरन्तरता प्रदान गरिनेछ।
- नेपाल सरकारको नीति अनुरुप स्वास्थ्य संस्था मार्फत निःशुल्क प्राप्त हुने सवै प्रकारको औषधिको प्राप्तिको सुनिश्चतताको लागि कदम चालिनेछ।
- स्थानीय तह तथा वडामा पोषण डेस्कको स्थापना गर्नुका साथै बहुक्षेत्रीय पोषण कार्यक्रमसँग सम्बन्धी क्रियाकलापहरुको नियमित अनुगमन गरिनेछ ।
- घरायसी स्तरमा सुरक्षित र स्वच्छ खानेपानी प्रवन्धको लागि खानेपानी परीक्षणको कार्य थालिन गरिनेछ।

**शिक्षा, युवा तथा खेलकुद**

**विकासको सुत्राधार:शिक्षानै मूल आधार** भन्ने नाराका साथ आगामि आर्थिक वर्ष देखी शिक्षा क्षेत्रको विकासका लागि अभियानात्मक कार्यक्रम सञ्चालन गरिनेछ। जसका लागि निम्न नीति तथा कार्यक्रमहरु सहयोगि हुनेछन्।

- विद्यालय वाहिर रहेका अति विपन्न र सीमान्तकृत वर्गको पहिचान गरी विद्यालयमा ल्याउन र टिकाउन सवै किसिमको प्रयास गरिने छ।
- अल्पसंख्यक,विपन्न, न्यून आय भएका, दलित, सीमान्तकृत, पिछडावर्ग, अनाथ, अपाङ्गता भएका व्यक्ति र एकल महिला भएका परिवारका सदस्यलाई माध्यामिक र उच्च शिक्षाको सुनिश्चित गर्नकालागि छात्रवृत्ति प्रदान गर्न **"मेहनत तपाइको, जिम्मेवारी हाम्रो"** नारा सहित कार्यक्रम सञ्चालन गर्न एक कोषको स्थापना गरिनेछ।उक्त कोषमा जनप्रतिनिधि, कर्मचारी र सम्वद्ध सरोकारवालाहरुलाई जोड्दै लगिनेछ।
- गाउँपालिकामा स्थापित वाल विकास केन्द्र मध्ये कुनै एक वालविकास केन्द्रको छनौट गरी नमूना वालविकास केन्द्रको रुपमा विकास गरिनेछ।
- परिक्षा प्रणालीलाइ थप व्यवस्थीत प्रभावकारी वनाउन केन्द्र व्यवस्थापन, विभिन्न तहको एकिकृत प्रश्न पत्र निर्माण, विज्ञ रोष्टर र प्रश्न बैंकको निर्माण जस्ता कार्यलाइ व्यवस्थित गरिनेछ ।
- शिक्षाको जोखिम न्यूनीकरण र शिक्षा सम्वन्धी विपद् व्यवस्थापन योजना बनाई लागु गरिनेछ।
- शिक्षण सिकाइ क्रियाकलापलाई आधुनिक र प्रविधिमैत्री वनाउदै लगिनेछ।
- स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यसामग्री तयार गरी सवै विद्यालयमा वितरणको व्यवस्था मिलाईनेछ।
- सामुदायिक विद्यालयका सवै शौचालयलाई सुविधायुक्त, अपाङ्ग तथा वालमैत्री वनाउने अभियान सुरु गरिनेछ।
- सामुदायिक विद्यालयको शैक्षिक उपलव्धी लगायतको बहुआयामिक उन्नयनको लागि अनुगमन प्रणालीलाई नियमित, व्यवस्थित र परिणाममूखी गराइनेछ।अनुगमनको प्रतिवेदनका आधारमा शिक्षकहरुलाई पुरस्कार र दण्ड प्रणालिको व्यवस्था गरिनेछ।
- सामुदायिक विद्यालयको शैक्षिक स्तरमा अभिवृद्धि ल्याउन तथा शिक्षण सिकाइ क्रियाकलापमा सहजिकरण ल्याउन एक विज्ञ समूह (expert wings) गठन गरिनेछ।
- सामुदायिक विद्यालयका सवै प्र.अ.हरुको प्रशासनिक र व्यवस्थापकीय क्षमता अभिवृद्ध गर्न विशेष तालिम तथा अवलोकन भ्रमणलाइ प्राथमिकतामा राखिनेछ ।

- गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माणको कार्य आ.व. २०८४/०८५ सम्म निर्माण सम्पन्न गर्ने गरी आवश्यक तयारी गरिनेछ।
- सवै वडामा वडा स्तरीय खेलकुद मैदान निर्माण गरिदै लगिनेछ।
- विषयगत शिक्षकहरुलाई तालिम तथा कार्यशाला जस्ता कार्यक्रममा सहभागी गराइ शैक्षिणिक नतिजा सुधारमा जोड दिइनेछ ।गणीत, विज्ञान र अङ्ग्रेजी विषयमा कुनै पाठ्य विषयवस्तु केन्द्रित रही best teaching way and trick साँझा गर्ने गरी विषयगत शिक्षकहरु सम्मिलित knowledge sharing camp सञ्चालन गरिनेछ।
- विद्यालयका शैक्षणिक असल अभ्यासहरु(best practices)को आदानप्रदान गर्ने गरी कार्यशाला सञ्चालन गरिनेछ। साथै विषयविज्ञहरु मार्फत अन्तरविद्यालय अध्यापन गराउने गरी(knowledge transfer) को कार्यक्रम तय गरिनेछ।
- नतिजामा आधारित मूल्यांकन गरी दण्ड र पुरस्कारको व्यवस्था गर्न शिक्षा अधिकृत र प्र.अ.वीच कार्यसम्पादन सम्झौता गर्ने साथै प्र.अ. र विषयगत शिक्षकहरुवीच कार्यसम्पादन करार संझौता गर्ने व्यवस्था अनिवार्य गरिनेछ।
- विद्यार्थि भर्ना दरको प्रतिशत वृद्धि गर्ने सर्वोत्कृष्ट विद्यालयलाइ पुरस्कार सहित सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यालयका प्रधानाध्यापक, गाउँशिक्षा समिति तथा गाउँपालिका विचको समन्वयात्मक बैठक वसि शिक्षा सुधार तथा विकासका लागि कार्ययोजना तयार गरि लागु गरिनेछ ।
- कपुरकोट वहुमुखी क्याम्पसको पूर्वाधार निर्माण र सम्वन्धन प्राप्तिका लागि आवश्यक पहल गरिनेछ।
- राष्ट्रपति रनिङसिल्डको लागि विद्यालयस्तरमा हुने तयारीलाई प्रभावकारी वनाउदै थप विधामा समेत प्रतिस्पर्धा हुने गरि खेल आयोजना गरिने छ।
- कपुरकोटमा खुला व्यामशालाको निर्माण एवं कभडहल निर्माण आयोजनालाई आउँदा वर्षहरुमा पूर्णता दिइनेछ।

## ३. खानेपानी तथा सरसफाई

- एक घर एक धारा कार्यक्रमको अभियानलाई निरन्तरता दिदै खानेपानीका आयोजनाहरु सचालन गर्न आन्तरिक तथा वाहिय श्रोतहरुको व्यवस्थापन गरि खानेपानि सेवा विस्तार गरिनेछ ।
- नागरिकको स्वास्थ्यलाई ध्यानमा राखि खानेपानी शुद्धता चेकजाँचका लागि मुहानवाटै खानेपानीको गुणस्तर परीक्षण गर्ने कार्यको सुरुवात गरिनेछ।
- खानेपानी तथा सरसफाइको क्षेत्रमा काम गर्ने विकास साझेदारहरुलाइ आगामी वर्षमा पालिकामा भित्र्याउने योजनाका साथ समन्वय र सहकार्यलाइ विस्तार गरिनेछ ।

❖ आधारभूत खानेपानीको उपलव्धता र लिफ्ट खानेपानीको मर्मत संभार तथा दिगोपनाको लागि खानेपानी ऐन नियमावली निर्माण गरी खानेपानी संस्थान वा प्राधिकरणको सोच अनुसार कार्य थालनी गरिनेछ।

## ४. सांस्कृतिक प्रवर्द्धन

❖ स्थानिय कला, साहित्य, संस्कृति सरंक्षण र सम्वर्द्धनार्थ विभिन्न जनचेतनामूलक गतिविधी एवं विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

❖ विभिन्न जातजातिको रिति रिवाज अनुसारको परम्परागत भेषभुषा, कला, साहित्य, परम्परागत मेला लगायतका सांस्कृतिक अवयवहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ।संस्कृति विरोधी नव आधुनिकतावाद र कृत्रीमतालाई प्रस्रयहुने व्यवहारहरु निरुत्साहित र नियन्त्रण गरिनेछ।

❖ पठन संस्कृतिको विकास गर्न खुला लाईव्रेरी स्थापनाको कार्य गरिनेछ।

## ५. गरिबी निवारणः

❖ खर वा फुसको छानालाई जस्तापाताले प्रतिस्थापन गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा अभियानको रुपमा सञ्चालन गरि फुसको छानो मुक्त घर भएको गाउँपालिका घोषणा गर्ने कार्यक्रमलाई दुई आर्थिक वर्षमा सम्पन्न गर्ने गरी **गाउँपालिकाको आधाभूत न्यूनतम कार्यक्रम** को रुपमा सञ्चालन गरिनेछ।

❖ दलित वर्गहरुको उत्थान र सशक्तिकरणका लागि परम्परामा आधारित आयमुलक गतिविधि सञ्चालन गर्न आवश्यक व्यवसायिक सीप विकास तालिम प्रदान गरिनेछ ।

## ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा र सशक्तिकरण

सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने राज्यको अभिष्ट पुरा गर्न स्थानीय सरकारका हरेक गतिविधि लै.स.सा.स मैत्री र संवेदनशील वनाउदै लगिनेछ।

❖ बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायित्व र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले निर्दिष्ट बजेट (कम्तिमा ६०%) हुने गरी तर्जुमा गर्ने पद्धतिलाई अनिवार्य पहिलो शर्तको रुपमा अंगिकार गरिनेछ।

❖ घरेलु हिंसा र लैङ्गिक हिंसाका पिडित महिला तथा वालवालिकाहरुलाई पुनर्स्थापना गर्न सुरक्षित र मर्यादित अल्पकालीन आवास गृह स्थापनाका लागी आवश्य निति निर्माण गरीनेछ ।

- ❖ बालबिवाहलाई निर्मूल गर्न सचेतनामूलक कार्यक्रम लगायत छोरीहरुलाई माध्यमिक तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षाकोको ग्यारेन्टी गर्न आवश्यक नीतिगत र कार्यक्रम सहित प्रवन्ध गरिनेछ।
- ❖ वालविवाह र मानसिक स्वास्थ्य मनोविमर्स सम्बन्धी गतिविधी सचालन गर्न पालिका भित्रका विभिन्न टोल वस्तीमा घुम्ती जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ अपाङ्गता भएका व्यक्तहरुको आधिकारिक तथ्यांक संकलन गरी अपाङ्गता भएका व्यक्तहरुका लागि अपाङ्ग परिचय पत्र वितरणको कार्यलाई अभियानको रुपमा सञ्चालन गरी आउदो वर्षमा कम्तिमा ५० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरुलाई तोकिएको परिचय पत्र प्रदान गरिनेछ।
- ❖ गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनाहरुलाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाइने नीति कार्यान्वयन गरिनेछ ।
- ❖ हिंसा प्रभावित महिला एव अनाथ वालवालिकाको सुरक्षार्थ लैङ्गिक हिंसा निवारण कोष स्थापना गरि प्रत्यक वर्ष कोषमा रकम थप गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई कानूनी परामर्श, उपचार खर्च, व्यवसाय सञ्चालन तथा जीविकोपार्जनका लागि उक्त कोषबाट उपलव्ध गराइनुको साथै अनुगमनलाई प्रभावकारी बनाइने छ ।
- ❖ लैङ्गिक हिंसा, बालविवाह, सामाजिक विभेद, शोषण, कुरीति, अन्धविश्वास हटाउन टोल विकास संस्था लगाएत समुदायमा अधारित संस्थाहरुलाई स्वयंसेवी रुपमा परिचालन गरिने नीति अवलम्वन गरिनेछ ।
- ❖ गाउँपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ र बार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ महिलाहरुको आर्थिक तथा सामाजिक हैसियत बढाउने खालका सीप तथा क्षमता विकास र रोजगारमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- ❖ गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका घोषणा गर्न बालविवाह विरुद्धको रणनीतिको कार्यान्वयनका लागि विभिन्न संघ संस्थाहरुसँग समन्वय, सहकार्य गर्दै सामाजिक तथा कानूनी सचेतनामूलक कार्यक्रमलाई व्यापक बनाइनेछ ।
- ❖ वि सं २०८३ मा बालमैत्री गाउँपालिका घोषणा गर्न बालमैत्री स्थानीय शासन कार्यक्रमलाई विशेष अभियानका साथ सञ्चालन गरिने छ ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ साथै सहज पहुँचको लागि परिचय पत्र वितरण शिविर सञ्चालन गरिनेछ ।

- ❖ अपाङ्गता सम्वन्धी सचेतना बढाउनको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता बमोजिमको सहायक सामग्री वितरणलाई निरन्तरता दिइनेछ र सीपमूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- ❖ विपन्न, दलित, सहिद, वेपत्ता, घाइते र द्वन्द्व पिडित परिवारलाई विशेष आरक्षण सहितको प्राथमिकता प्रदान गरिने नीती अंगिकार गरिनेछ।
- ❖ गाउँपालिकाको युवा सम्वन्धी ऐनको निर्माण कार्य आउदो वर्षमा नै गरिनेछ।

## ७. रोजगारी

- ❖ सूचिकृत बेरोजगारहरुबाट छनौटमा परेका बेरोजगार व्यक्तिहरुलाई अभीमूखीकरण तालिम मार्फत क्षमता वृद्धि गरिनेछ ।
- ❖ पुनःएकीकरण कार्यक्रम मार्फत वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको क्षमता विकास तथा अभिवृद्धिका लागि उद्यमशील तथा सीपमुलक तालिम संचालन गरिनेछ।
- ❖ वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि श्रम स्वीकृति लिने सम्बन्धमा सहजिकरण गरिनेछ ।
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनालाई दिगो र स्थायीत्व बनाउन स्थानिय तहसँग लागत साझेदारीलाई निरन्तरता दिइनेछ।
- ❖ बैदेशिक रोजगारमा जाने व्यक्तीहरुको सेवा सुविधा र सुरक्षाका लागि सहज पुरयाउन सुरक्षित आप्रवास कार्यक्रमलाइ व्यवस्थित रूपमा संचालन गरिनेछ ।

## पूर्वाधार विकास क्षेत्र

## १. सडक, भवन तथा पूल

- ❖ सडक मापदण्ड सम्वन्धी सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वनमा ल्याइनेछ।
- ❖ निर्माण भएका सडकहरुको स्तरोन्नतिको कार्य तिव्रताका साथ गरिनेछ।
- ❖ नेपाल सरकार र प्रदेश सरकारको सहयोगमा मुख्य सडकहरु कालोपत्रे गर्ने कार्यको लागि कुटनीतिक पहल गरिनेछ।
- ❖ वडा नं. १ र ४ मा स्वास्थ्य भवन निर्माण र तला थपको लागि बहुवर्षिय योजनाको स्वीकृत गरी लागु गरिनेछ।
- ❖ सडक पूर्वाधारको संरक्षणको लागि ड्रेन निर्माण र Bio engineering को कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

## २. व्यवस्थित सहरीकरण

- ❖ आफ्नो गाउँ/शहर आफै सफा र सुन्दर बनाउ भन्ने नीति ल्याइनेछ ।
- ❖ बजार क्षेत्रमा सडक वत्ति, सुचना वोर्ड, CCTV Camera जडान गरिनेछ ।

- ❖ कपुरकोट वजारलाई हरित नगरको रुपमा विकास गर्ने सडक छेउमा सजावट सम्वन्धी फुलहरुको वृक्षारोपण गर्ने कार्य आगामी आर्थिक वर्षमा नै गरिने छ।

## ३. संचार तथा सूचना प्रविधि

- ❖ गाउँपालिकाबाट हुने हरेक प्रकारका सूचनाहरुलाई वेवसाइट, सामाजिक सञ्जालमा अपलोड गर्नुका साथै पत्रपत्रिका र रेडियोहरुमा प्रकाशन र प्रशारणलाई निरन्तरता दिइनेछ ।
- ❖ सवै वडामा फाइवर इन्टरनेट पुर्याउन इन्टरनेट सेवा प्रदायक संगको साँझेदारीमा फाइवर नेट विस्तार कार्यका लागि पहल गरिनेछ।
- ❖ एकीकृत गुनासो सुनुवाई सम्वन्धी MIS प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

## ४. उर्जा

- ❖ आ.व. २०८३/०८४ मा सत प्रतिशत वस्तिमा विद्युत उर्जा पुग्ने गरी आवश्यक पहलकदमी गरिनेछ।
- ❖ मर्मत गर्नु पर्ने सवै सोलार प्रणालीहरुको मर्मत संभार र दिगो उपयोगमा विशेष व्यवस्था गरिनेछ।

## ५. सिंचाई

- ❖ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व संग प्रत्यक्ष सम्वन्ध रहेको सिचाइ प्रणालीलाई दिगो र भरपर्दो बनाइनेछ। मुहानको दिगोपनालाई ध्यानमा राखी कुलो सिचाइका साथै लिफ्ट सिचाइ योजना सञ्चालन गरिनेछ।
- ❖ आगामी ३ वर्षभित्र सिचाइको संभावना भएका सवै खेतियोग्य भूमिमा सिचाइ सुविधाको प्रवन्ध हुने गरी कार्यको थालनि गरिनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन सम्वन्धी क्षेत्र

- ❖ विपद् जोखिम सम्वन्धी hazard assessment गर्ने कार्यको थालनी गरिने छ।
- ❖ विपद् पिडितहरुको राहत तथा उद्दारमा सहयोग पुर्याउन स्थापना गरीएको कोष बृद्दि गरिने छ ।
- ❖ गाउँपालिका क्षेत्रबाट निस्कने फोहोरलाई बर्गिकरण गरी गल्ने र नगल्ने छुट्याई फोहोरहरुको बैज्ञानिक रुपमा ब्यबस्थापन गरीने छ । हाल विद्यमान डम्पिङ साइडलाई थप व्यवस्थित गरिनेछ।
- ❖ विपद् जोखिम न्यूनीकरण गर्न विपद् व्यवस्थापन रणनीती, विपद् प्रतिकार्य योजना र विपद् पुनर्लाभ योजना आउदो आर्थिक वर्षमै तर्जुमा गरी लागु गरिनेछ।
- ❖ सल्लाम पहिरो नियन्त्रण गर्न आवश्यक भौतिक संरचनाको निर्माण गरिनेछ।

- ❖ सवै सामुदायिक वन उपभोक्ता समूहहरुलाई गाउँपालिकामा सूचीकृत गर्ने व्यवस्था अनिवार्य गरिनेछ।साथै सामुदायिक वन उपभोक्ता समूहहरुको आम्दानीलाई करको दायरामा ल्याइनेछ।
- ❖ पर्यावरण र वातावरण संरक्षणको साथै स्वच्छ खानेपानिको आपूर्ति र सिचाइको लागि जलाधार क्षेत्रको पहिचान गरी जलाधार क्षेत्र संरक्षणका लागि तटवन्द लगाउने, घेरावार लगाउने, मुहानको संरक्षण गर्न आवश्यक अन्य भौतिक संरचना निर्माण गर्ने, वृक्षारोपण गर्ने जस्ता कार्यहरु गरिनेछ।
- ❖ जलाधार संरक्षणको कार्यलाई समुदाय स्तरवाटै व्यवस्थापन गर्न जल उपभोक्ता समिति गठन र दर्ता गर्ने कार्यलाई तिव्रता दिइनेछ।

## सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र

### १. राजश्व

- ❖ करदातामैत्री राजस्व प्रशासन निर्माण गरिनेछ।उत्तकृष्ट करदातालाई प्रोत्साहित गर्न कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ घर र घरले चर्चेको जग्गामा मालपोत करको सट्टामा सम्पति कर लागु गरिनेछ ।
- ❖ गाउँपालिका र उपभोक्ता समितिले कारोवार गर्ने गाउँपालिका स्थित फर्महरुले स्थानीय तहबाट करचुक्ता नलिएको खण्डमा त्यस्ता फर्महरुसँग कारोबार नगर्ने वा त्यस्ता फर्महरुले जारी गरेको विजक बमोजिम भुक्तानी गर्दा स्थानीय तहलाई अनिवार्य व्यवसाय कर तिरेको हुनुपर्ने व्यवस्था लागु गरिनेछ ।
- ❖ स्थानीय तहलाई तिर्नुपर्ने घरबहाल कर वुझाएपछि मात्रै आय कर लिनको लागि राजश्व कार्यालयसँग समन्वय गरिने छ ।
- ❖ १० लाख भन्दा माथि पुँजी भएको प्राइभेट फर्म नविकरण गर्दा गाउँपालिकाको सिफारिसको आधारमा गर्नको लागि घरलु तथा साना उद्योग कार्यालयसंग समन्वय गर्ने व्यवस्था मिलाईने छ ।
- ❖ दर्ता रजिष्ट्रेशन नगरी सञ्चालनमा ल्याइएका पसल व्यवसायहरुको अनुगमन गर्ने र अनाइलबाट कर तिर्न सकिने व्यवस्था गरिने छ ।
- ❖ उपभोक्ता हितसँग सम्बन्धित विविध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ वहाल विटौरी करलाई वाध्यात्मक गराईनेछ।
- ❖ नक्सापास र अभिलेखीकरणको कार्यलाई अनिवार्य गराइनेछ।

### २. सेवा प्रवाह विकास र सुशासनः

- ❖चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

❖ जनमैत्री सेवा प्रवाहका लागि सेवा प्रदायकलाइ उत्प्रेरणाका कार्यहरु सञ्चालन गरिनेछ ।राष्ट्रसेवकलाई थप जिम्मेवार र कर्तव्यनिष्ठ बनाइ कार्यसम्पादनको स्तरमा अभिवृद्धि ल्याउन उत्प्रेरणा सहित क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । मापन योग्य सूचक सहित कार्य सम्पादन करार गरी कार्यसम्पादन मूल्यांकनका आधारमा कर्मचारीलाई प्रोत्साहन दिइनेछ।

❖ सार्बजनिक सेवामा सबै बर्गक्षेत्रको समानुपातिक समाबेशी सहभागिता प्रबर्द्धन गर्न लोक सेवा, शिक्षा सेवा आयोग लगायतका तयारी कक्षा सञ्चालन गरिनेछ ।

❖ सार्वजनिक क्षेत्रमा जनप्रतिनिधि र कर्मचारीले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागु गरिनेछ।

❖ संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको ऐन नियम अनुसार गाउँपालिकालाइ आवश्यक पर्ने स्रोतको अवस्था हेरी संगठन संरचना र दरवन्दी सिर्जना गर्न संगठन विकास अध्ययनको आधारमा पदपूर्ती गरिनेछ।

❖ सरकारी तथा सार्वजनिक निकाय लगायत सवै क्षेत्रमा सदाचार संस्कृतिको अबलम्बन गरिनेछ ।भ्रष्टाचार रोकाथाम तथा नियन्त्रणको कार्यलाई थप प्रभावकारी बनाइनेछ। भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता कायम गरिनेछ।

❖ गाँउ प्रहरीको क्षमता विकास गरी पूर्ण क्षमतामा परिचालन गरिनेछ ।गाँउ प्रहरीलाई गाउँपालिकाको Intelligence Unit का रुपमा विकास गरिनेछ।सार्वजनिक निर्माण, वातावरण संरक्षणको क्षेत्रमा समेत परिचालन गरिनेछ।

❖ कपुरकोट गाउँपालिकाको सवै गतिविधि र सूचनामा नागरिकको पहुँच कायम हुने गरी Mobile Application को Develop गरी सञ्चालनमा ल्याइनेछ ।

❖ सेवाग्राही सन्तुष्टीको सर्वेक्षणका लागि विद्युतीय सर्वेक्षण र सर्वेक्षण कार्डको प्रयोग गर्न प्रयास गरिनेछ।

❖ स्थानीय बस्तु तथा सेवाको व्यापारको मूल्य तथा गुणस्तरको नियमन र अनुगमन गरिनेछ ।

❖ पालिकामा रहेका विकास र समृद्धि प्रेमी वौद्धिक वर्ग मध्ये विश्व विद्यालयको उच्च शिक्षा हाँसिल गरेका, सार्वजनिक र सामाजिक क्षेत्रमा ख्याती प्राप्त गरेका व्यक्तहरूको think tank गठन गरी गाउँपालिकाको नीती, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा वौद्धिक सहयोग(intellectual input)लिने रणनीति अख्तियार गरिनेछ।

❖ टोल विकास संस्थाको क्षमता बिकास गरि पूर्ण क्षमतामा परिचालन गरिनेछ । वडास्तरीय श्रममा आधारित योजना टोल विकास संस्था मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

- ❖ योजना बैंकको अवधारणा अनुरुप वस्ति स्तरबाट संकलित योजनाहरुलाई योजना बैंकमा समावेश गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ । मध्यकालीन खर्च संरचनाको कार्यान्वयन मार्फत बहुवर्षिय योजनाहरुको लागि वजेटको सुनिश्चितता गर्दै गाउँपालिका तथा वडाको गौरवका योजनाहरुको निर्माण गरिनेछ।
- ❖ योजना अनुगमनलाई केबल औपचारिकतामा मात्र सीमित नगरि समग्र योजना प्रक्रियाको अभिन्न पाटोको रुपमा बिकास गरिनेछ ।
- ❖ नागरिकको गुनासो समयमै सम्वोधन गर्न र गाउँपालिकामा सहज पहुँच कायम गरी हटलाईन सेवा सञ्चालन गरिनेछ।
- ❖ सेवा प्रवाह र विकासलाई प्रभावकारी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्दतिलाई संस्थागत गरिनेछ।
- ❖ गाउँपालिका तथा मातहतका निकायको चल अचल सम्पत्तिको संरक्षण र व्यवस्थापनको उचित प्रवन्ध मिलाइनेछ ।
- ❖ सामाजिक संघ संस्थाको पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चितता गर्ने तथा निजी क्षेत्रको व्यावसायिक एवं सामाजिक उत्तरदायित्वलाई नियमन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ❖ लेखापरीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धी कार्यलाइ विशेष प्राथमिकता दिइ वेरुजुलाई शुन्यमा झार्ने प्रयास गरिनेछ।
- ❖ यस गाउँपालिकाले आर्थिक कारोबारोको वित्तीय अनुशासन कायम राखी आर्थिक कारोबारोमा पारदर्शिता, मितव्ययिता, प्रभावकारीता अभिवृद्धि गरिने छ ।

**३. अन्यः**

- ❖ श्रमदान गर्ने श्रम संस्कृतिको विकास गर्न जनप्रतिनिधि र कर्मचारीहरुवाट श्रमदानमा सहभागीता सुनिश्चितता गर्दै आगामी आ.व. मा कम्तीमा एक वटा सार्वजनिक संरचना निर्माण कार्य सम्पन्न गरिनेछ।
- ❖ परम्परागत चौतारीको संरक्षण, सार्वजनिक स्थलमा पिपल, वर र स्वामीको वृक्षारोपण गर्ने अभियान सञ्चालनका साथै हरित मार्ग निर्माण कार्यलाई निरन्तर दिइनेछ।
- ❖ परम्परागत सीपको परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ दलित समुदाय लक्षित सशक्तिकरण तथा सीप विकास सम्वन्धी कार्यक्रमको प्रवन्ध गरिनेछ।
- ❖ कपुरकोट गाँउपिलका स्थापना भएको दिनलाइ स्थानिय सेवा दिवसको रूपमा मनाउने र सोही दिवसको अवसरमा स्थानिय सेवा पुरस्कार वितरण गर्ने ।

❖ उत्कृष्ठ कार्य गर्ने उपभोक्ता समितिहरु मध्येवाट सर्वोत्कृष्ठ उपभोक्ता समिति छनौट गरी पुरस्कृत गर्ने व्यवस्था गरिनेछ। साथै संझौता अनुसार कार्य नगर्ने र गुणस्तरहिन कार्य गर्ने उपभोक्ता समितिका पदाधिकारीहरुलाई उप्रान्त सार्वजनिक निर्माण कार्यमा संलग्न हुन नपाउने गरी कालोसूचीमा राख्ने व्यवस्था गरिनेछ।

*धन्यवाद !!*